# जिल्ला विकास समितिको कार्यालय प्यूठान समक्ष

## पेश गरिएको आ.व. २०७३/०७४ को प्रथम चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७३ कार्तिक २४ गते


प्रतिवेदन पेश गर्ने

**मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र**

**खलंगा प्यूठान**

**जिल्लाको सामान्य परिचय :**

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती अञ्चलका ५ वटा जिल्लाहरु मध्ये प्यूठान जिल्ला पनि एक पहाडी जिल्ला हो । ८२° ३०'' देखि ८३° पुर्वी देशान्तर र २७° ५५'' देखि २८° २५'' उत्तरी अक्षांश र ३०५ माटर देखि ३६५९ मीटर समुन्द्री सतह वीचको भौगोलिक अवस्थितीमा रहेको यस जिल्लाको कुल क्षेत्रफल १३६५ वर्ग की.मी. रहेको छ भने यस जिल्लालाई पूर्वमा गुल्मी र अर्घाखाँची, पश्चिममा दाङ र रोल्पा, उत्तरमा वाग्लुङ र रोल्पा र दक्षिणमा अर्घाखाँची र दाङ जिल्ला रहेको छ । राजनैतिक तथा प्रशासनिक हिसावले हेर्ने हो भने प्यूठान नगरपालिकाकृ खलंगा सदरमुकाम रहेको यस जिल्लामा २ वटा निर्वाचन क्षेत्र, ११ वटा ईलाका, ४२ वटा गाउँ विकास समिति र १ वटा नगरपालिका रहेका छन् ।

२०६८ को जनगणना अनुसार जिल्लाको कुल जनसंख्या २२८१०२ मध्ये १२८०४९ महिला र १०००५३ पुरुषको रहेको छ भने कुल जनसंख्याको ९.८५ प्रतिशत ब्राम्हण, २४.९५ प्रतिशत क्षेत्री, ३२.७५ प्रतिशत मगर, ७.७५ प्रतिशत अन्य जनजाति, १८.१५ प्रतिशत दलित र ३.३ प्रतिशत दशनामी सन्यासी र ३.४५ प्रतिशत अन्य जातिहरुको बसोवास रहेको छ । यसलाई हेर्दा जिल्लामा धेरै जसो जनजाति र दलितहरुको बसोवास रहेको देखिन्छ जुन जाति अन्य जातिहरुको तुलनामा विपन्न हुनका साथै पछाडीपारिएका छन् ।

जिल्लाको शैक्षिक अवस्थालाई हेर्ने हो भने कुल साक्षरता प्रतिशत ६७.०१ प्रतिशत रहेको छ । जसमा पुरुषको ७८.१८ प्रतिशत र महिलाको ५८.६३ प्रतिशत रहेको छ ।

जिल्लाको भू उपयोगको अवस्थालाई हेर्दा : १३२८९० हेक्टर कुल क्षेत्रफल रहेकोमा खेती योग्य जमिन ४२७६६ हेक्टर मध्ये २२१०० हेक्टरमा मात्र खेती गरीएको छ भने १४८९० हेक्टर खेती अयोग्य जमिन रहेको छ । कुल भूभाग मध्ये ७२६९४ हेक्टर जमीन वन क्षेत्र भित्र पर्दछ ।

## १. पृष्ठभूमी :

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्ने र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बिकास गराउन नेपाल सरकार माननीय मन्त्रिस्तरको मिति २०६८।०१।१२ को निर्णय अनुसार स्वीकृत "स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७" कार्यान्वयनमा आएको छ ।

स्थानीय निकायबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका सार्वजजिक सरोकारका विषयमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझाव एवं पृष्ठपोषणलाई ग्रहण गर्न तथा जिम्मेवारको विकास गराउने उद्देश्यले **जिल्ला विकास समितिको कार्यालयको आयोजना तथा मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रको सहजिकरणमा जिल्ला विकास समितिको कार्यालयको आ.व. २०७३/०७४ को प्रथम चौमासिक**

**सार्वजनिक सुनुवाई कार्यक्रम** गौमुखी बहुमुखी क्याम्पस ओखरकोट १ मच्छिमा मिति २०७३ कार्तिक २४ गते सम्पन्न गरियो । स्थानीय विकास अधिकारी ईन्द्र प्रसाद बस्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सम्बन्धित कार्यालय अन्तर्गत उठेका जिज्ञासाको जवाफ स्थानीय विकास अधिकारी ईन्द्र प्रसाद बस्यालका साथै सम्बन्धित विषयगत कार्यालयका प्रमुखहरुले दिएका थिए । प्रमुख जिल्ला अधिकारी जनकराज पन्तको विशेष उपस्थिती रहेको कार्यक्रममा मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रका निवर्तमान अध्यक्ष विजय कुमार श्रेष्ठले सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्यका साथै आचार संहिताका विषयमा प्रकाश पार्नु भएको । उक्त कार्यक्रममा उठेका सवालको टिपोटकर्ताका रुपमा : स्थानीय शासन उत्तरदायी संयन्त्र र मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रको साझेदारीमा संचालित स्थानीय निकायको कानुनी तथा नीतिगत ब्यवस्था पालना अनुगमन कार्यक्रमका जवाफदेही अधिकृतहरु कल्पना जि.सी, चम्पक श्रेष्ठ र फिल्ड सहायक गिता गिरीले गर्नुभएको ।

**सार्वजनिक सुनुवाई गर्ने निकाय**

**आयोजक : जिल्ला विकास समितिको कार्यालय, प्यूठान**

**सहजिकरण : मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र, खलंगा प्यूठान**

**कार्यक्रम आयोजना स्थल : श्री गौमुखी बहुमुखी क्याम्पस ओखरकोट- १, मच्छि**

**कार्यक्रम आयोजना गरिएको**

- मिति : २०७३ कार्तिक २४ गते ।
- समय : दिनको १२.०० वजे ।

कार्यक्रम सञ्चालन गरिएको समयावधि : ४ घण्टा ।

**अध्यक्षता :** ईन्द्र प्रसाद बस्याल स्थानीय विकास अधिकारी

***संरक्षक : जनकराज पन्त प्रमुख जिल्ला अधिकारी***

**उपस्थिति :**

- राजनीतिक दलका प्रमुख/प्रतिनिधि
- वडा नागरिक मञ्चका संयोजक/सदस्यहरु
- उपभोक्ता समितिका अध्यक्ष/पदाधिकारी/सदस्यहरु
- स्थानीय संघसस्थाका प्रमुख/प्रतिनिधिहरु
- सहकारी/समुह/सञ्जाल/क्लवका प्रमुख/प्रतिनिधिहरु :

**कार्यक्रम (क्रमश) :**

- आसन ग्रहण ।
- कार्यक्रमको आवश्यकता र महत्व बारे जानकारी ।
- आचार संहिता बारे जानकारी ।
- पहिलो चौमासिकमा संचालन गरेको गतिविधि बारे जानकारी ।
- बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनका क्रममा उठेका सवालहरु बारे छलफल ।
- सम्वन्धीत निकायबाट जवाफ
- सहभागीहरुका गुनासा, सवाल र भनाईहरु प्रस्तुत
- सम्वन्धीत निकायबाट जवाफ
- कार्यक्रमको निष्कर्ष सहित समापन

**<u>सार्वजनिक सुनुवाई कार्यक्रमका गरीएका सवाल तथा जवाफहरु</u>**

**<u>१. वर्हिरगमन अभिमत पत्रबाट :</u>**

**बर्हिगमन अभिमत संकलनका क्रममा संकलन भएका सवाल तथा जवाफहरु :**

| क.सं. | सवालहरु | जवाफदेहि व्यक्ति,कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १ | भनसुनको आधारमा कार्य छिटो गरिएको । | स्थानीय विकास अधिकारीले | यसबारेमा तत्काल कर्मचारी बैठक बोलाएर के कस्तो भएको छ बुभ्की यसमा सबै सेवाग्राहीलाई समान ब्यवहार गरिनेछ । सबैलाई समान सेवा | |

| क.सं. | सवालहरु | जवाफदेहि व्यक्ति,कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| | | | प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु । | |
| २ | कार्यालयको शौचालय फोहर भएको । | स्थानीय विकास अधिकारीले | कार्यालय सौचालय त्यस्तो फोहर नभएको यदि त्यस्तो भए आगामी दिनमा सुधार हुनेछ । | |
| ३ | हेल्प डेस्कको व्यवस्था गर्नुपर्ने । | स्थानीय विकास अधिकारी | दर्ता चलानी शाखामै हेल्पडेक्सको व्यवस्था छ ,प्रष्ट वोर्डको व्यवस्था छ । | |
| ४ | आर्थिक सहयोग तथा राहत लिन आउँदा लामो समय पर्खाउने र काम गर्न झन्झटिलो मान्ने । | स्थानीय विकास अधिकारी,लेखा शाखा | अव त्यस्तो हुदैन र हामी कार्यालयको सवै कर्मचारी वसेर सुधार गर्छौं । | |
| ५ | सेवा लिन जाँदाँ सम्बन्धित कर्मचारी नभएको । | स्थानीय विकास अधिकारी | त्यस्तो छैन यदि संयोग वस कहिलेकाहि खाजाको समयमा वा विभिन्न कार्यक्रममा जाँदा हुन सक्छ त्यस्तो भएमा खाजा खाने समय निर्धारण गरि सुधार गरिने प्रतिवदता गर्दछौ । | |
| ६ | प्रकृयाका विषयमा सम्बन्ति फाटवाला आफै प्रष्ट नभएको । | स्थानीय विकास अधिकारी | कुन विषयमा हो स्पष्ट नभएको नागरिक वडापत्रमा पनि हेर्न सकिन्छ । र सुचना अधिकारीको पनि ब्यवस्था छ । जि.वि.सबाट सम्पादन हुने कामका सम्बन्धमा सबै कर्मचारीलाई पर्याप्त तालीम तथा ओरिन्टेशन गर्नेछौ । | |
| ७ | आवश्यकताको पहिचानका आधारमा बजेट विनियोजन गर्नुपर्ने । | स्थानीय विकास अधिकारी | सिमित साधन स्रोत र साधन भएको हुदा हामिले आवश्यकताको पहिचान भएको विषयमा पर्याप्त  वजेट छुटाउन सकेका छैनौ,हामिले स्थानिय स्तरवाट आएका योजनाहरुलाई प्राथमिकता दिएका छौ । | |
| ८ | सबै सेवाग्राहीलाई समान ब्यबहार गनुपर्ने । | स्थानीय विकास अधिकारी | हामीले सबै सेवाग्राहीलाई समान ब्यबहार गर्छौ । यदी कुनै शाखामा त्यस्तो नभएको भए  आगामी दिनमा सुधार गर्ने प्रतिबद्धता । | |
| ९ | कार्यालय समय भित्र कार्यालय प्रमुख तथा प्रत्येक फाटवालाका कर्मचारीहरु कार्यालय समयसम्म बस्नुपर्ने | स्थानीय विकास अधिकारी | सबै फाँटमा कर्मचारीको व्यवस्था गरिएको छ । लक वुकको पनि व्यवस्था गरिएको छ ।कर्मचारी काम विशेषले कामलिएर वाहिर जादा वैकल्पिक व्यवस्था मिलाईने छ । | |

| क.सं. | सवालहरु | जवाफदेहि व्यक्ति,कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १० | गुनासोको सुनुवाई नभएको । | स्थानीय विकास अधिकारी | गुनासो सुन्ने अधिकारीको व्यवस्था छ । कनै गुनोसो लिएर आएमा तत्काल गुनासो सुनुवाई हुन्छ। यसवाट प्रदान गरिने सेवा तथा प्रकृयाका विषयमा आवश्यक जानकारी सजिलै प्राप्त हुने गरी व्यवस्था मिलाईएको छ । | |
| ११ | स्थानीय निकायले राखेको सुचना प्राप्त गर्न आउँदा समयमा सुचना दिन झनझटिलो गरेको । | सूचना अधिकृत | सुचनाको प्रकृति हेरी तोकिएको समयभित्रमा उपलव्ध गराइने छ । | |
| १२ | प्राविधिकहरुले फिल्डमा गएर ध्यान दिएर कार्य नगरेको हेर्ने फर्कने मात्र गरेको । | प्राविधिक कार्यालय | प्राविधिकको काम योजना अनुसार फरक फरक हुन्छ । सवालमा उठेजस्तो हामीले हेर्ने फर्कने मात्र गरेका छैनौ । हामी आफ्नो काम प्रती जिम्मेवारी छौ । यदी कतै त्यस्तो भएको छ भने हामी त्यसलाई तत्काल सुधार गर्नेछौ । | |
| १३ | जिल्ला विकास समिति अर्न्तगत आरक्षण - महिला, दलीतका लागि विनियोजित बजेट कहाँ कसरी खर्च हुन्छ । | सामाजिक विकास शाखा | विनियोजन भएको वजेटको विवरण जि.वि.स.को web site मा राखिएको छ । रिषदवाट तोकिएको वमोजिमको कार्यक्रममा विनियोजित वजेट खर्च हुन्छ । | |
| १४ | गा.वि.स को सचिवहरु गाविसमा नहुदाँ जि.वि.स सम्म धाउनु पर्ने अवस्था । | स्थानीय विकास अधिकारी | गा.वि.स सचिवहरु आफनै गा.वि.स मा वसी सेवा दिनुहुन्छ । यदि तोकिएको काम, जि.वि.सको तालिम ,मासिक वैठक , सेवाकालिन तालिम का वखत वाहेक गा.वि.समा नै वसि सेवा दिनुहुन्छ ।यदि यस विषयमा गुनासो आएमा हामि तत्काल समाधान गर्नेछौ । | |

## Citizen Report Card बाट प्राप्त सवालहरु

| क.सं. | सवालहरु | जवाफदेही व्यक्ति, कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १ | गाविसले दिएको सेवासुविधा बारे सेवाग्राहीलाई कम | तोरवाङ्ग गा.वि.स. सचिव तथा कर्मचारी | गा.वि.स को मिटिङ्गमा राजनितिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र,र सम्वन्धित सवैलाई | |

| क.सं. | सवालहरु | जवाफदेही व्यक्ति, कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| | जानकारी गराईएको । | | जाजकारी गराउछौ र कार्यविधि अनुसार गरेका थिएनौ दोस्रो चौमासिक वाट प्रतिवदता जाहेर गर्दछौ । | |
| २ | नागरिक वडापत्र बारे सेवाग्राहीलाई कम जानकारी भएको । | ओखरकोट गा.वि.स. सचिव | नागरिक वडा पत्र गा.वि.स भित्र छ , आफ्नै भवन छैन् सुरक्षाको कारणले भित्र राखिएको छ । कार्यलयको समयमा भोलीदेखि नै वाहिर राख्ने प्रतिवदता जाहेर गर्दछौ । | सबै गा.वि.स |
| ३ | नागरिक वडापत्र सवै सेवाग्राहिले देख्ने ठाउँमा राख्नुपर्ने । | बादिकोट गा.वि.स. सचिव | असुरक्षाको कारण भित्र राख्ने गरिएको थियो अव कार्यालय समयमा वाहिर राख्ने छौ । | |
| ४ | सार्वजनिक सुनुवाई प्रकृयागत रुपमा नभएको । | नारिकोट गा.वि.स. सचिव | यो भन्दा अगाडि जानकारी नभएको भरखरै आएको अव देखि कार्यविधि अनुसार गरिन्छ । | |
| ५ | नागरिक वडापत्रको बारेमा जानकारी कम भएको । | तुषारा गा.वि.स. सचिव | गा.वि. स भवन अव्यवस्थित छ र नयाँ भवनमा सारेपछि सवै व्यवस्था गर्ने छौ । | |
| ६ | गाविसले दिने सेवासुविधा बारे सेवाग्राहीलाई कम जानकारी भएको । | बाङ्गेमरोठ गा.वि.स. सचिव | गा.वि.स को मिटिङ्गमा राजनितिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र,र सम्वन्धित सवैलाई जाजकारी गराउछौ र कार्यविधि अनुसार गरेका थिएनौ दोस्रो चौमासिक वाट प्रतिवदता जाहेर गर्दछौ । | |
| ७ | नागरिक वडापत्रको बारेमा कम जानकारी भएको । | तोरवाङ्ग गा.वि.स. सचिव तथा कर्मचारी | गा.वि. स भवन अव्यवस्थित छ र नयाँ भवनमा सारेपछि सवै व्यवस्था गर्ने छौ । | |
| ८ | सार्वजनिक सुनुवाई प्रकृयागत रुपमा नभएको । | बाङ्गेमरोठ गा.वि.स. सचिव | अगाडिको थाहा नभएको र आउदौ दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यविधि अनुसार गरिनेछ । | |
| ९ | कार्यालयको सेवा सुविधा बारे कम जानकारी भएको । | तुषारा गा.वि.स. सचिव | गा.वि.स को मिटिङमा राजनितिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र,र सम्वन्धित सवैलाई जाजकारी गराउछौ र कार्यविधि अनुसार गरेका थिएनौ दोस्रो चौमासिक वाट प्रतिवदता जाहेर गर्दछौ । | |
| १० | नागरिक गुनासो संयन्त्र नहुंदा कम सुन्ने गरेको । (मौखिक मात्र) | ओखरकोट गा.वि.स. सचिव | गुनासो राम्रो संग सुनुवाई गर्छौ ,यदि मिटिङमा जानु परेमा जिल्लामा जाँदा एक जनाले दुईवटा गा.वि.स हेर्नु पर्ने समय वाहेक अरु समयमा यस्तो | |

| क.सं. | सवालहरु | जवाफदेही व्यक्ति, कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| | | | नभएको । | |
| ११ | सुझाब पेटिका ब्यबस्थित नभएको | तुषारा गा.वि.स. सचिव | गा.वि. स भवन अव्यवस्थित छ र नयाँ भवनमा सारेपछि सवै व्यवस्था गर्ने छौ । | |
| १२ | वडा नागरिक मंच, ना.स.के र अनुगमन समितिको कामको बारेमा अस्पष्ट भएको । | नारिकोट गा.वि.स. सचिव | वडा नागरिक मंच, ना.स.के र अनुगमन समितिको कामको बारेमा अन्य संग संस्था वाट पनि प्रशिक्षण दिएका छन् , प्रत्यक वर्ष वडानागरिक मञ्न नागरिक सचेतना केन्द्र छनौट गरिन्छ । गा.वि.सको वजेटको वारेमा सचेत गराउछौ ।सवै कार्यक्रममा सहभागि गराई जानकारी गराउछौ अझै पनि यस्ता सवै कार्यक्रममा उहाँहरुलाई सहभागि गराउने प्रदिवदता गर्दछौ । | |

## ३. सार्वजनिक सुनुवाई कार्यत्रक्रमा उठेका जनजिज्ञासा, सवाल तथा जवाफहरु :

| क.सं | नाम | ठेगाना, पद | सवाल | जवाफदेहि संस्था, ब्यक्ती | जवाफ |
|---|---|---|---|---|---|
| १ | चुमानसिंह के.सी | बादिकोट १ | धुम्रपान निषेधित क्षेत्र घोषणा गर्न सकिन्छ की नाई । | स्थानीय विकास अधिकारी / जिल्ला स्वास्थ्य कार्यालय | सार्वजनिक स्थान धुम्रपान निषेधित क्षेत्र नै हुन । यदी आफ्नो गाउँ घरलाई धुम्रपान निषेधित क्षेत्र घोषणा गर्न हामीले जनचेतना मुलक कार्यक्रम गरेर सहयोग गर्न सक्छौ । समुदाय आफै सकृय हुनुपर्छ । |
| २ | झग बहादुर जि.सी. | तुषारा १ | ढाँड तुषारा जोड्ने पक्किपुलको निमार्ण कार्य किन रोकियो । | प्राविधिक कार्यालय | डिजाईन अनुसार ११ मिटर खन्दाँ समेत रक नआएर माटो मात्रै आएकोले माटोको क्वालीटी परिक्षणका लागि सिफारिस गरिएको तर त्यसको जबाफ नआएकोले निर्माण कार्य रोकिएको हो । तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हामीले अब बुझेर मंसिरको पहिलो हप्ताबाट काम शुरु गर्नेछौं । |
| ३ | धर्म बहादुर जि.सी | स्थानीय | **प्रश्न १ :** बाग्दुला मच्छि अग्लुङ अन्तर जिल्ला जिड्ने सडकखण्ड जिर्ण भयो सवारी साधन चलेनन् यसलाई सुचारुगर्न चासो नदेखाएको ।<br>**प्रश्न २ :** आखरकोट २ र बाङ्गेमरोठ ६ मा झोलङ्गे पुलको आवश्यकता छ हामीले सधै परिषदबाट पहिलो नम्बरमा पठाँउछौ हालसम्म बन्न सकेको छैन किन होला :<br>**प्रश्न ३ :**<br>कम्तीमा एक वर्ष एक गा.वि. स. मा सचिब बस्नुपर्ने हो तर बिचमै सरुवा हुने हुनाले समस्या भएको छ । यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ । | प्राविधिक कार्यालय . | प्राविधिक कार्यालय : यो सडकखण्ड SNRTP ले काम गरिरहेको छ । लेन्थवर्क लगाएर काम गरिरहेका छौ । सडक स्तोरन्ती गर्न सो परियोजनालाई भनेका छौ त्यस्तो नभए हामी जिल्ला विकास समिति मार्फत मर्मत सम्भारको काम गरिरहेका छौ ।<br><br>**स्थानीय विकास अधिकारी :** यस वर्ष पनि परिषद्बाट प्राथमिकतामा राखेर पठाउनुहोस् हामी त्यसलाई महत्वकासाथ हेर्नेछौ ।<br>**स्थानीय विकास अधिकारी :** सो कुरामा मेरो पनि सहमती छ तपाईले भनेजस्तै हामी यस विषयमा प्रयत्न गर्नेछौं । |
| ४ | थमलाल गुरुंङ | नारीकोट ९ | सवै कार्यालय प्रमुद उपस्थित हुनु पर्ने हो तर किन भएन ? | प्रमुख जिल्ला अधिकारी | सवैलाई हामीले पत्राचार गरेता पनि काम विषेश ले गर्दा उपस्थित हुन सक्नु भएन । आगामी दिनमा सवैलाई उपस्थित गराउने छौ । |
| ५ | जगत वहादुर पुरी | नारीकोट | पिपलवोट वाघघार गुल्मि जोड्ने कुरा २०७२।०७३ मा आएता पनि वजेट नछुटिएको आगामी वर्ष वजेट छुट्टिएला कि नाई? | स्थानीय विकास अधिकारी | भर्खरै गएको वाढि पहिरोका कारण दैविक प्रकोप तर्फ अलि प्राथमिक दिएको र आगामी आ.व. मा ईकाला वाट आएका योजना प्राथमिकताको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आधारमा आएमा वजेट छुट्याउने छौ । |
| ६ | योग कुमार पाण्डे | प्र.अ., जनता मा.वि. वड्डाडाँ | शिक्षा विकास कोष वाट विद्यालयलाई केहि वजेट रकम आउथ्यो , त्यसै रकमवाट हामीले निजी स्रोतवाट शिक्षक राखेका थियौ, अहिले त्यो कोषवाट कुनै वजेट आउँदैन अहिले कस्ता विद्यालयलाई त्यो कोषवाट आउने वजेट प्रदान गरिएको छ ? | स्थानीय विकास अधिकारी | जिल्लामा खास गरी क्याम्पस संञ्चान गर्न गाह्रो हुने भएकोले कम्ती ६० प्रतिशत क्याम्पसलाई र वाँकी वाल विकास केन्द्रलाई छुट्याउनुपर्ने भएकोले मा.वि. तथा नि.मा.वि. लाई इलाका गोष्ठीबाट प्राथमिकीकरण भै आएकालाई सो रकम सम्वोधन हुने । |
| ७ | गिर वहादुर जि.सी | वांगेमरोठ | मच्छि पुर्कोटदह जोड्ने वाटो ४ वर्षमा सम्पन्न गर्ने वाटो हुनु पर्ने किन भएन र खलंगा चुंजाठाटी जोड्ने वाटो लाई प्राथमिकता दिएको देखियो कन? | वरीष्ठ कृषी विकास अधिकृत, स्थानीय विकास अधिकारी | यो समस्या समाधानको लागि तारवारको बजेट नआउने । यसको लागि समुदायले पसु चौपाया छाडा नछोड्ने कुरामा समुदाय आफै सक्रिय हुनु पर्ने ।<br><br>यसका लागि सरकारले पहिले देखी नै १५ १५ मिटर छोड्ने योजना बनाएको । यसको क्षतिपुर्तीको लागि तत्काले केही भन्न नसकिने । |
| ८ | गुन्ज बहादुर महत | वादीकोट ३ | अपांगता परिचय पत्र भएता पनि यातायातमा छट दिइएन । | महिला तथा | ४ प्रकारको अंपागता कार्डको व्यवस्था छ र प्युठान जिल्लाको हकमा नपाएको अवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रहेकको र यसलाई कडाईका साथ लागु गर्न प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्दछौ । |
| ९ | दामोदर पोखेल | ओखरकोट १ | गत वर्ष योजनामा परेका योजना कहिले वाट सुरु गर्न सकिन्छ र पाईप माग गर्दा कुन निकायमा सर्म्पक गर्दा उपयूक्त होला । | जि.वि.स. योजना अधिकृत | गत वर्षछनौट भएको योजनाहरु जि.वि.सले गा.वि.सलाई अख्तियारी दिएमा काम शुरु गनृ सकीन्छ ।लिखित निवेदन दिएमा सम्वन्धित निकायवाट उपलव्ध गराइन्छ। |
| १० | सरस्वती आर्चाय पोखेल | ओखरकोट १ | गा.वि.स.का प्रत्येक वडामा महिला विकास कार्यक्रम लग्नु पर्ने थियो तर लगिएन किन? | महिला अधिकृत | हामि एकै पटक सवै वडामा जान सकेका छैनौ ।विस्तारै हामि सवै वडा समेट्ने छौ । |
| ११ | तिलक वहादुर जि.सी | वांगेमरोठ ३ | स्थानिय स्तरमा उत्पादन भएका वस्तु वजार व्यवस्थापन नभएको यस लाई व्यस्थित वनाउन के गर्नु पर्ला । | कृषि विकास विकास अधिकृत | कृषि संकलन केन्द्र उपलव्ध रहेको तर हाल आएर निष्कृय भएको यस संकलन केन्द्र लाई सवै मिलेर सकृय गराउनु पर्ने र कृषि सम्वन्धि टोल फ्रि नं ,कृषि सम्वन्धि थप जानकारी पाउन विभिन्न मिडिया मार्फत सुचना प्रसारण गरिने गरिएको छ । |
| १२ | विजुला जि.सी | ओखरकोट | जति मात्रामा स्वास्थ्य संस्थामा आउनु पर्ने औषधी किन नआएको र P.S.C र ORC संचालन गर्न गाह्रो भएको | जिल्ला स्वास्थ्य कार्यलय | नेपाल सरकारको माप दण्ड अनुसार केन्द्रले ७० प्रतिशत किन्ने र जिल्लाले ३० प्रतिशत किन्ने गरेको छ केन्द्र वाट आउन ढिलाहुने हुदा कमि हुन गएको हो ।गा.वि.स,वाट स्वास्थको लागि छुटाईएको वजेट ओआर सी ,पीएचसी व्यवस्थापनमा खर्च |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरियोस । |
| १३ | प्रेम वहादुर पुन | वादीकोट | चन्दा उठाएर भैलो खेलि विद्यायलय संचालन गर्न सकिदैन जि.शि.काले दरवन्दि दिन्छ वा दिदैन । | जिल्ला शिक्षा कार्यालय | विद्यालय संचालन गर्नु ,शिक्षा पाउनु नेपालीको मौलिक अधिकार हो,शिक्षा नियमावलीको नियम ३मा भएको व्यवस्था अनुसार विद्यालय संचालन गर्न चाहने सस्थाले विद्यालय सुकृत नहुदा सम्म सम्पुर्ण आर्थिक दाईत्व हामिले व्यहोर्नै छौ भनि भनेकोले हामिले स्विकृत गरेका हौ । |
| १४ | कृष्ण वहादुर जि.सी | ओखरकोट २ | राज दण्ड हराएको छ कुन निकायवाट खोजी गर्नु पर्ने हो । खोजी हुन्छ या हुदैन । | जिल्ला प्रसासन कार्यालय | हाल सम्म राजडण्ड हराएको मलाई कुनै जानकारीनभएको लिखित निवेदन आएमा जिल्ला प्रहरी कार्यलयसँग समन्वय गरी खोजी कार्य अगाडी वढाईने छ । |
| १५ | नोज वहादुर थापा क्षेत्री | वादीकोट ५ | विद्युतका पोलहरु सडेर गएका छन् सम्विन्धीत निकाय विद्युतमा मौखिक जानकारी गराउदा पनि कुनै चासो नगरेको र हाल कुन निकायमा सर्म्पक गर्नु पर्ला? | विद्युत/जि.प्र.क | विद्युत प्राविधिक कार्यालयवाट ३०,३५ वटा पोल हामी सँग भएको र हाल सम्म कुनै पनी समस्या कार्यालयमा नआएको जानकारी गराउन ु भयो लिखित निवेदन आएमा तत्काल कार्यन्वयन गरिनेछ । |

**निश्कर्ष :**

लक्षीत वर्ग तथा समुदायको सहभागीतामा स्थानीय क्षेत्रको दिगो सामाजिक आर्थिक विकासमा टेवा पुर्‍याउनका लागि विपन्न तथा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, अपांग लगायतका समुदायको सशक्तिकरण गर्नका लागि ती वर्ग कै नेतृत्वमा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र समेत स्थापना गरी उनीहरुको आवाज अभिबृद्धी गर्ने कार्यलाई थप सहयोग पुर्‍याउने उद्देश्यका

साथ स्थानीय निकायहरुले सार्वजनिक रुपमा विभिन्न उत्तरदायित्व वहन गर्नका लागि यस प्रकारका कार्यक्रमहरु संचालन गर्दै आएको छ । यसै सन्दर्भमा जिविस प्यूठानले जिल्लाको ओखरकोट गाविसमा कार्यक्रम आयोजना गरी त्यस क्षेत्रका गा.वि.सका सर्वसाधरण जनतालाई विभिन निकायहरुसंगको पहुँच बढाउन मद्दत पुगेको छ । साथै यसै कार्यक्रम मार्फत विपन्न वर्गलाई सशक्तिकरण गर्ने र हरेक क्षेत्रमा उनीहरुको पहुँच अभिबृद्धी गर्ने उद्देश्यका साथ उपलब्ध स्रोतको न्यायोचित र प्रभावकारी वितरण गर्ने कार्यका लागि निर्णायक तह सम्म विपन्न वर्गको पहुँच अभिबृद्धी गराई उनीहरुको जीवीकोपार्जनमा सुधार ल्याउन यो कार्यक्रमले सहयोगी भूमिका निर्वाह गरेको महसुस गरिएको छ । यस सार्वजनिक सुनुवाईबाट सुचनाको हकलाई स्थापित गर्ने विषयमा टेवा पुगेको छ । शुसासनलाई प्रवर्द्धन गर्न सहयोग पुगेकोछ । जिल्ला तथा गा.वि.स स्तरका स्थानीय निकाय र सरकारी कार्यालयबाट प्रदान गरिएको सेवालाई अझ बढी प्रभाबकारी, ब्यवस्थित बनाउन यो सार्वजनिक सुनुवाई  प्रभावकारी हुने देखिएको छ ।

**प्रतिवेदन दिएको मिति : २०७३ मंसिर ५ गते ।**

**सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :**

# कार्यक्रमका केहि झलकहरु





